नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
# महिला तथा बालबालिका विभाग
फोन नं. ५५२३८२७, ५५२६७७९
फ्याक्स : ५५२१२१४
E-Mail: dwd1@wlink.com.np
Web Site: www.dwd.gov.np
ललितपुर ।

पत्र संख्या :- २०७३।७४
चलानी नं.:- ८२६

मिति: २०७३।१०।६

श्री महिला तथा बालबालिका कार्यालय
अनुसूची १, २ र ३ बमोजिमका जिल्लाहरु

विषय: <u>राष्ट्रपति महिला उत्थान कार्यक्रम सम्बन्धमा ।</u>

उपर्युक्त सम्बन्धमा यस विभागको मिति ०७३।९।१७ ,च.नं ८६० को पत्रसाथ संलग्न राष्ट्रपति महिला उत्थान कार्यक्रमको कार्यक्रम सञ्चालन कार्यविधि २०७३ तथा कार्यक्रम प्राप्त भै व्यहोरा अवगत गर्नु भएकै होला । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको मिति २०७३।९।६ को पत्रअनुसार सो कार्यक्रममा सीप परीक्षण परिक्षामा उतिर्ण भएपछि मात्र तालिम प्रदान गर्ने संस्थालाई भुक्तानी गर्ने तथा राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रगति पाक्षिकरुपमा अनिबार्य तवरमा सम्मानित प्रधानमन्त्रीज्यू समक्ष पेश गर्ने व्यवस्था हुन समेत थप गर्ने निर्णय भएको हुंदा सो अनुसार गर्न गराउन हुन अनुरोधका साथै राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि २०७३ तथा कार्यक्रम जानकारीको लागि संलग्न राखिएको व्यहोरा अनुरोध छ ।

रमा अधिकारी (पौडेल)
महिला विकास अधिकृत

# राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७३

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

# विषय सूची

१. पृष्ठभूमि १
२. परिभाषा २
३.कार्यक्रमको उद्देश्य २
४.कार्यक्रम कार्यान्वयनका लागि संरचनात्मक व्यवस्था २
४.१ निर्देशन समितिको गठन ३
४.२ निर्देशन समितिको कार्य जिम्मेवारी र अधिकार ३
४.३ कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको गठन ४
४.४ कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको कार्य जिम्मेवारी ४
४.५ कार्यक्रम कार्यान्वयन जिल्ला समन्वय समितिको व्यवस्था ५
४.६ जिल्ला समन्वय समितिको कार्यजिम्मेवारी ५
५. राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्य क्रियाकलापहरू ६
६.कार्यक्रम कार्यान्वयन प्रक्रिया ६
७. बैठक, समन्वय, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी ९
८.वित्तीय व्यवस्थापन १०
८.१ लेखापरीक्षण १०
९. बिविध १०
९.१ ब्याख्या गर्ने अधिकार १०
९.२ संशोधन सम्बन्धी व्यवस्था १०
९.३ बाधा अड्काउ फुकाउने ११
९.४ निर्देशन दिन सक्ने ११
अनुसूचीहरु १२
अनुसूची १ क. मानव विकास सूचाकाङ्कमा पछि परेका ३० जिल्ला १२
अनुसूची २ ख. सेवा केन्द्र सञ्चालनको लागि गरिने २५ जिल्लाहरु (महिला विकास कार्यक्रमबाट सञ्चालनमा नरहेको) १३
अनुसूची ३ ग. अनौपचारिक श्रममा संलग्न महिला लक्षित कार्यक्रम सञ्चालन हुने १० जिल्ला १४

# १. पृष्ठभूमि

नेपाल सरकारको आ.व. २०७३।७४ को नीति तथा कार्यक्रममा जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने महिलाहरूको हक, अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता पुऱ्याउन नेपाली महिलाको आर्थिक उन्नति, प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गर्न राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ।

आर्थिक वर्ष २०७३।७४ को बजेट वक्तव्यमा महिला उत्थान शीर्षकमा लैङ्गिक विभेदको अन्त्य, सीप तथा उद्यमशीलताको विकास प्राज्ञिक अनुसन्धान वृत्ति लगायतका महिला सशक्तीकरणका कार्यहरु अघि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरिएको छ।

संयुक्त राष्ट्रसंघद्वारा सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य ५ मा लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला र बालबालिकाहरूलाई सशक्तीकरण गर्ने उल्लेख गरिएको छ। आज भन्दा करिब २५ वर्ष अघि नेपालले संयुक्त राष्ट्रसंघको महिला विरुद्ध हुने सबै किसिमको भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) र यसको इच्छाधीन आलेखलाई अनुमोदन गरिसकेको छ।

नेपालको संविधानले सबै प्रकारका विभेद सहित लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलाको अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गर्न नपाइने र यस्ता कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितलाई कानून बमोजिम क्षतिपूर्तिको व्यवस्था गरिएको छ। महिलाका लागि अंशीय तथा वंशीय अधिकार सहित शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा विशेष अवसर सहितको हक सुनिश्चित गरिएको छ। संविधानमा राज्यका नीति अन्तर्गत असहाय एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिने, मधेसी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण, त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने उल्लेख गरिएको छ। सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गरिने व्यवस्था गरिएको छ।

सबै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिवद्धताहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत व्यवस्थाहरू सहित महिला विकास कार्यक्रम देशव्यापी रुपमा सञ्चालन गरिएको छ। कार्यक्रमहरूको कार्यान्वयनबाट महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य र राजनीतिक सूचकहरूमा सकारात्मक परिवर्तन देखिएको छ। राष्ट्रका महत्वपूर्ण पदहरूमा महिलाहरूको नेतृत्वदायी भूमिका देखिएको छ भने (विभिन्न सरकारी तथा निजी) क्षेत्रहरूमा महिलाहरूको उल्लेखनीय सहभागिता देखिएको छ। तर पनि आर्थिक तथा सामाजिक रुपले पिछडिएका, गरिब तथा सीमान्तकृत महिलाहरूको संख्या अझै पनि उल्लेख्य रुपमा नै रहेको छ। यी वर्गको उत्थान

र सशक्तीकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नका लागि उनीहरुको आर्थिक उन्नति, प्रगति, प्रतिष्ठा र सम्मान प्रवर्द्धन गर्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम अगाडि ल्याइएको हो ।

आर्थिक वर्ष २०७३।७४ को बजेट वक्तव्यमा महिला उत्थान शीर्षकमा लैङ्गिक विभेदको अन्त्य, सीप तथा उद्यमशीलता विकास, प्राज्ञिक अनुसन्धान, वृत्ति लगायतका महिला सशक्तीकरणका कार्यहरू अघि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरिएको छ । राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयनका लागि यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा :-

क.'कार्यक्रम' भन्नाले ***राष्ट्रपति महिला उत्थान कार्यक्रम*** सम्झनुपर्दछ ।

ख. 'मन्त्रालय' भन्नाले ***महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय*** सम्झनुपर्दछ ।

ग. 'विभाग' भन्नाले ***महिला तथा बालबालिका विभाग*** सम्झनुपर्दछ, ।

घ. 'कार्यालय' भन्नाले ***महिला तथा बालबालिका कार्यालय*** सम्झनुपर्दछ ।

ङ. 'जिल्ला समन्वय समिति भन्नाले लैङ्गिक तथा बालअधिकारको मूलप्रवाहीकरण मार्गनिर्देशिका २०६१ को दफा २२ बमोजिम गठित समिति सम्झनुपर्दछ।

च.'विपन्न वर्गका महिला'भन्नाले कहिल्यै विद्यालय नगएका वा गएतापनि प्रवेशिका परिक्षा/बाह्रकक्षा सम्म उतिर्ण गर्न नसकेका शैक्षिक रुपमा वञ्चित वा आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वर्ष दिन खान नपुग्ने परिवारका आर्थिक रुपमा वञ्चित भएको भन्ने सम्झनुपर्दछ ।

छ. 'विद्यालयविमुख किशोरी' भन्नाले कहिल्यै विद्यालय नगएका, गए तापनि अहिले जान छाडेका किशोरी सम्झनुपर्दछ र सो शब्दले हाल विद्यालय गइरहेको भए तापनि बिगत छ महिनाको अवधिमा असमान्यरुपमा अनियमित हाजिरी भएको किशोरी समेतलाई सम्झनु पर्दछ ।

## ३.कार्यक्रमको उद्देश्य

क) उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक, सामाजिक रुपान्तरण गरी दिगो विकास हासिल गर्ने,

ख) लैङ्गिक हिंसाको रोकथाम तथा सोबाट पिडित तथा प्रभावितहरूका लागि संरक्षणत्मक सेवा उपलब्ध गराउने,

ग) महिलाहरूको समग्र विकासमार्फत उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

## ४.कार्यक्रम कार्यान्वयनका लागि संरचनात्मक व्यवस्था

राष्ट्रपति महिला उत्थान कार्यक्रम आगामी ५ वर्षको लागि अवधारणा पत्र र कार्ययोजना तयार गरी सञ्चालनमा ल्याउने महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको नीति रहेको छ । यस कार्यक्रम कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समन्वय गर्न तथा नीतिगत मार्गदर्शन र

निर्देशन प्रदान गर्नको लागि देहायबमोजिमको निर्देशन समिति गठन गरिनेछ । साथै कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा सहयोग पुऱ्याउन कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति समेत गठन गरिनेछ ।

## ४.१ निर्देशन समितिको गठन

निर्देशन समितिको गठन देहाय बमोजिम गरिनेछ :

| | | |
|---|---|---|
| १. | माननीय मन्त्री, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | अध्यक्ष |
| २. | बिषयसँग सम्बन्धित माननीय सदस्य, राष्ट्रिय योजनाआयोग | सदस्य |
| ३. | सचिब, महिला,बालबालिका तथा समाजकल्याण मन्त्रालय | सदस्य |
| ४. | प्रतिनिधि, शिक्षा मन्त्रालय | सदस्य |
| ५. | प्रतिनिधि,स्वास्थ्य मन्त्रालय | सदस्य |
| ६. | प्रतिनिधि, कृषि मन्त्रालय | सदस्य |
| ७. | प्रतिनिधि, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| ८. | प्रतिनिधि, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय | सदस्य |
| ९. | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| १०. | महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग | सदस्य |
| ११. | प्रतिनिधि, सहकारी विकास बोर्ड | सदस्य |
| १२. | प्रतिनिधि, उद्योग वाणिज्य महासंघ | सदस्य |
| १३. | प्रतिनिधि, घरेलु तथा साना उद्यमी महासंघ | सदस्य |
| १४. | प्रतिनिधि, प्रमुख राजनीतिक दलका महिला संगठनहरुबाट | सदस्य |
| १५. | प्रमुख, महिला सशक्तीकरण तथा बालबालिका महाशाखा, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | सदस्य |
| १६. | महानिर्देशक,महिला तथा बालबालिका विभाग | सदस्य सचिब |

प्रत्येक मन्त्रालयबाट प्रतिनिधिहरु पठाउँदा कार्यक्रमसँग सम्बन्धित कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत स्तरको पठाउनु पर्नेछ । यस समितिमा आवश्यकता अनुसार विज्ञ व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

## ४.२ निर्देशन समितिको कार्य जिम्मेवारी र अधिकार

क. कार्यक्रमलाई नीतिगत मार्गदर्शन दिने,
ख. कार्यक्रमको कार्यविधि, मूल्याङ्कन तथा अनुगमन गर्ने संयन्त्र निर्धारण गर्ने,
ग. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने गराउने,
घ. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापन गर्ने,
ङ. कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक देखिएमा उपयुक्त प्रक्रिया एवं कार्यविधि तय गर्ने तथा आवश्यकता अनुसार नीतिगत निर्णयहरू गर्ने, गराउने,
च. कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

## ४.३ कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको गठन

| | | |
|---|---|---|
| १. | महानिर्देशक, महिला तथा बालबालिका विभाग | संयोजक |
| २. | प्रतिनिधि, शिक्षा मन्त्रालय | सदस्य |
| ३. | प्रतिनिधि,स्वास्थ्य मन्त्रालय | सदस्य |
| ४. | प्रतिनिधि, कृषि मन्त्रालय | सदस्य |
| ५. | प्रतिनिधि, श्रम तथा रोजगार मन्त्रालय | सदस्य |
| ६. | प्रतिनिधि,सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| ७. | प्रतिनिधि, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| ८. | लैङ्गिक मूलप्रवाहीकरण शाखा प्रमुख, म.बा.बा.तथा स.क.म. | सदस्य |
| ९. | प्रतिनिधि, राष्ट्रिय योजना आयोग | सदस्य |
| १०. | प्रतिनिधि, घरेलु तथा साना उद्योग विभाग | सदस्य |
| ११. | प्रतिनिधि, उद्योग वाणिज्य संघ | सदस्य |
| १२. | प्रतिनिधि, घरेलु तथा साना उद्यमी महासंघ | सदस्य |
| १३. | प्रतिनिधि,गैरसरकारी संस्था एकजना | सदस्य |
| १४. | निर्देशक, महिला सशक्तीकरण शाखा, महिला तथा बालबालिका विभाग | सदस्य सचिव |

सीप विकास/उद्यमशील तालिम कार्यक्रम सञ्चालन गर्ने संस्था मध्येबाट एकजना गैर सरकारी संस्थाको प्रतिनिधिको रुपमा यस समितिबाट तोकिने छ । समितिले आवश्यकता अनुसार विज्ञहरूलाई बैठकमा आमन्त्रण गर्ने र विशेषज्ञ सेवा लिन सक्नेछ ।

## ४.४ कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको कार्य जिम्मेवारी

क. कार्यक्रम कार्यान्वयनको सिलसिलामा आवश्यक समन्वय गर्ने,
ख. कार्यक्रम तर्जुमा गर्ने,
ग. कार्यक्रमको आवधिक समीक्षा र मूल्याङ्कन गर्ने,
घ. आवश्यक पर्ने आर्थिक, प्रशासनिक तथा जनशक्ति व्यवस्थापन गर्ने,
ङ. कार्यक्रमको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,
च. कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक देखिएमा अन्तर्गतका निकायहरूलाई निर्देशन दिने ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न महिला तथा बालबालिका विभागमा कार्यक्रम कार्यान्वयन एकाइ रहने छ । यस कार्यक्रमको कार्यकारी निकाय महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय रहने  तथा महिला तथा बालबालिका विभाग र महिला तथा बालबालिका कार्यालय कार्यक्रम कार्यान्वयन निकायको रुपमा रहने छन् । महिला तथा बालबालिका विभागमा महिला सशक्तीकरण शाखालाई थप जनशक्ति सहित यस कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी दिईनेछ । कार्यकम कार्यान्वयनका लागि शाखाको थप जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क. कार्यक्रम सञ्चालन हुने जिल्लाबाट पहिचान भए अनुरुप उद्यमशीलता, रोजगारी तथा सशक्तीकरण अभिवृद्धि गर्न सीप तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिमको लगत सङ्कलन गर्ने,
ख. सङ्कलन भएका कार्यक्रमहरूको  स्वीकृतका लागि मन्त्रालयमा पठाउने,

ग. स्वीकृत कार्यक्रम सञ्चालनका लागि जिल्ला तथा सम्बन्धित निकायसँग समन्वय गर्ने,
घ. सञ्चालित कार्यक्रमको अनुगमन गर्ने र अनुगमनबाट प्राप्त पृष्ठपोषण सम्बन्धित निकायमा पठाउने,
ङ. कार्यक्रमको प्रगति विवरण सङ्कलन गरी मन्त्रालयमा पठाउने,
च. प्राप्त कार्यविधि, मापदण्ड, निर्देशिका अनुरुप कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने,
छ. कार्यक्रम कार्यान्वयन एकाइको नियमित बैठक राख्ने व्यवस्था मिलाउने,
ज. निर्देशन समितिले दिएको जिम्मेवारी अनुसार कार्य गर्ने, गराउने र
झ. अन्य तोकिएका कार्यहरू गर्ने, गराउने ।

## ४.५ कार्यक्रम कार्यान्वयन जिल्ला समन्वय समितिको ब्यवस्था

कार्यक्रम सञ्चालन हुने जिल्लाको महिला तथा बालबालिका कार्यालयमा सम्पर्क व्यक्ति तोकिनेछ । राष्ट्रपति महिला उत्थान कार्यक्रम कार्यान्वयन गर्न निम्न अनुसाारको कार्यक्रम कार्यान्वयन जिल्ला समन्वय समिति गठन हुनेछ :

| | |
|---|---|
| १. स्थानीय विकास अधिकारी | संयोजक |
| २.अधिकृत स्तरको प्रतिनिधि,जिल्ला प्रशासन कार्यालय | सदस्य |
| ३. प्रमुख, जिल्ला कृषि विकास कार्यालय | सदस्य |
| ४. प्रमुख, जिल्ला शिक्षा कार्यालय | सदस्य |
| ५.प्रमुख, जिल्ला वन कार्यालय | सदस्य |
| ६. प्रमुख, पशु सेवा कार्यालय | सदस्य |
| ७. प्रमुख, जिल्ला घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय | सदस्य |
| ८. प्रतिनिधि, जिल्ला घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| ९. प्रतिनिधि, गैर सरकारी संस्था | सदस्य |
| १०.प्रमुख, महिला तथा बालबालिका कार्यालय | सदस्य-सचिव |

गैर सरकारी संस्थाको प्रतिनिधि सीप विकास तथा उद्यमशील सम्बन्धि तालिम वा कार्यक्रम सञ्चालन गर्ने संस्थामध्येबाट एकजना यस समितिबाट तोकिनेछ । समितिले आवश्यकता अनुसार विज्ञ ब्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## ४.६ जिल्ला समन्वय समितिको कार्यजिम्मेवारी

क. जिल्लामा रहेका समितिहरुले अति विपन्न दलित, पिछडा वर्ग, जनजाति, खस आर्य तथा मुस्लिम वर्गका महिला लक्षित कार्यक्रम (अनुसूची १ मा उल्लेखित जिल्लामा उद्यमशीलता, रोजगारीमूलक, सशक्तीकरण सीप विकास तथा क्षमता अभिवृद्धि तालीम) को पहिचान गर्ने,
ख. अनौपचारिक श्रममा लागेका महिला/किशोरीका लागि तालीमको आवश्यकता पहिचान गर्ने,
ग. पहिचान गरिएका तालिम तथा कार्यक्रमहरूको प्राथमिकीकरण गर्ने,
घ. तालीम प्रदान गर्ने संस्थाको पहिचान गर्ने,
घ. जिल्लामा गैरसरकारी संस्थाको साझेदारीमा संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालीन सेवा केन्द्र स्थापनाको लागि सहयोग गर्ने,
ङ. कार्यक्रम सञ्चालनका लागि सरोकारवाला निकायहरूसँग समन्वय गर्ने,

च.जिल्लामा सञ्चालन भएका कार्यक्रमको समीक्षा गरी आवश्यक सुझावहरू प्रदान गर्ने,

छ.कार्यक्रमको अनुगमन गर्ने,

ज.तालिमप्राप्त सहभागीहरु मध्येबाट के कति जनाले रोजगारी प्राप्त गरेका छन् र कतिले उद्यम, व्यवसाय सञ्चालन गरिरहेका छन् सोको समेत जानकारी/विवरण राख्ने, र

झ.केन्द्रीय समितिको निर्देशन बमोजिम अन्य कार्यहरू गर्ने ।

## ५. राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्य क्रियाकलापहरू

**राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।**

५.१ मानब विकास सूचकाङ्कमा पछि परेका अनुसूची १ बमोजिमका जिल्लाहरुमा अति विपन्न, दलित, पिछडा वर्ग, जनजाति, खसआर्य तथा मुस्लिम वर्गका महिला लक्षित कार्यक्रम (उद्यमशीलता, रोजगारीमूलक, सशक्तीकरण, सीप विकास तथा क्षमता अभिवृद्धि तालीम)

५.२ अनौपचारिक श्रममा संलग्न महिला (मनोरञ्जन, निर्माण क्षेत्र, कृषि, व्यावसायिक र घरेलु काम) हरूलाई लक्षित कार्यक्रम (उद्यमशीलता, रोजगारमूलक, सशक्तीकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालीम)

५.३ मन्त्रालयको कार्यक्रमद्धारा प्रवर्द्धित सहकारी संस्थाद्धारा उत्पादित सामग्रीहरूको राष्ट्रिय प्रदर्शनी ( प्रचारप्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

५.४ मन्त्रालयको कार्यक्रमद्धारा प्रवर्द्धित सहकारी संस्थाद्धारा उत्पादित सामग्रीहरूको बिक्री केन्द्रहरूको स्थापना तथा बजार प्रवर्द्धन (प्रचारप्रसार, सामग्री उत्पादन तथा प्रकाशन र वितरण)

५.५ संवैधानिक तथा कानुनी व्यवस्था अन्तर्गत महिला अधिकार, हक हित, सेवा सुविधा सम्बन्धमा सञ्चार माध्यमबाट प्रचारप्रसार र अन्तरक्रिया लगायतका कार्यक्रम (सूचना सामग्री उत्पादन, प्रकाशन, प्रशारण, वितरण आदि)

५.६ अनुसूची २ बमोजिमका जिल्लाहरुमा गैरसरकारी संस्थाको साझेदारीमा संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालीन सेवा केन्द्र स्थापना गर्ने । (बेसहारा र अलपत्र परेकाहरूको अल्पकालीन ब्यवस्थापनका लागि राहत तथा पुनर्स्थापना/क्षतिपूर्ति कार्यक्रम) ।

५.७ कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि समन्वय, अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी कार्यहरू ।

## ६.कार्यक्रम कार्यान्वयन प्रक्रिया

६.१ यस राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत बुँदा नं ५.१ र बुंदा नं. ५.२ अनुसारका तालिम कार्यक्रममा सहभागी छनौट गर्दा देहाय वमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ :

क. कम्तीमा १५ दिनको म्याद दिई जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, जिल्ला शिक्षा कार्यालय, मालपोत कार्यालय तथा महिला तथा वालवालिका कार्यालयमा सूचना प्रकाशन गर्ने,

ख. सवै गा.वि.स/न.पा. मा सूचना पठाएर प्रकाशन तथा प्रचारप्रसार गराउने,

ग. गाविस/नपाको सिफारिस तथा आवश्यक प्रमाण सहित कार्यक्रममा सहभागिताका लागि महिला तथा वालवालिका कार्यालयमा निवेदन पेश गर्ने,

घ. जिल्ला समन्वय समितिवाट प्राथमिकताको आधारमा सहभागीको नामावली सूची तयार गर्ने

ङ सहभागी छनौट गर्दा निम्नानुसार गर्ने

- प्रत्येक गा.वि.स/न.पा.वाट एकजना छनौट गर्ने, कतैबाट निवेदन पर्न नआएमा मात्र सहभागी छनौट भैसकेको गा.वि.स/न.पा.बाट अर्को सहभागी छनौट गर्ने,
- सहभागी छनौट गर्दा वहु विपन्न महिलालाई प्राथमिकता दिने,
- अन्य निकायबाट सञ्चालन भएको आय आर्जन /उद्यमशीलता सम्बन्धी कार्यक्रममा सहभागी नभएकालाई छनौट गर्ने,
- किशोरीहरूको हकमा विपन्न तथा विद्यालयविमुख किशारीहरूलाई प्राथमिकता दिने,
- बुँदा नं ५.१ को कार्यक्रममा प्रति जिल्ला ३५ जना सहभागी र बुँदा नं. ५.२ को कार्यक्रममा प्रति जिल्ला ५० जना सहभागी छनौट गर्ने,

६.२ छनौट भै स्वीकृत भएका सीप विकास/उद्यमशीलता सम्बन्धी तालिम नेपाल उद्योग वाणिज्य महासंघ/घरेलु तथा साना उद्योग महासंघ/घरेलु कार्यालय/सीप विकास तालिम सञ्चालन गर्ने निकायसँग सम्झौता गरी सञ्चालन गर्ने ।

६.३ तालिम सञ्चालनको सम्बन्धमा सम्झौतामा उल्लेखित जिम्मेवारी गर्नु कार्यालय र सम्बन्धित सेवा प्रदायक संस्थाको दायित्व हुनेछ ।

६.४ तालिम प्राप्त गर्ने महिलाहरुको सीप परिक्षण परिक्षामा उत्तिर्ण भएपछि मात्र तालिम प्रदायक संस्थालाई भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।

६.५ तालिम पुरा गरी व्यवसाय/उद्यम सञ्चालनका गर्नको लागि पुँजीको आवश्यकता पुरा गर्न कार्यक्रम अन्तर्गत तालिम प्राप्त ब्यक्तिलाई देहाय अनुसार कार्यालय मार्फत अनुदान रकम उपलब्ध गराइनेछ :

- यस कार्यक्रममा सहभागी हुने महिलाले पायकको बैंकमा एकल दस्तखतबाट सञ्चालन हुनेगरी आफ्नो खाता खोल्नु पर्नेछ ।
- उक्त खातामा महिनामा एकदिनको ज्याला बराबरको बचत गर्नु पर्नेछ ।
- कार्यक्रमबाट अनुदान माग गर्नु अगावै सहभागी महिलाले सम्बन्धित विषयमा विज्ञ व्यक्ति, उपभोक्ता आदि सँग जानकारी लिई आपूर्तिका लागि वैकल्पिक स्रोत पहिल्याएर सर्वोत्तम स्रोतवाट खरिद गर्नुपर्ने साधन, मातृजात वा कच्चापदार्थको किसिम परिमाण-खरिद गर्ने स्रोत, समय, खरिद मूल्य एवं ढुवानी खर्च समेत खुल्ने गरी खरिद कार्ययोजना (तोकिएको ढाँचामा) बनाउनु पर्नेछ ।

- सो कार्ययोजना जिल्लामा समन्वय समितिले हेरी अनुदानको लागि निर्णय गर्नु पर्नेछ ।
- कार्यालयवाट २ किस्ता गरी बैंक खातामा रकम जम्मा गरिनेछ र पहिलो किस्तामा दिएको रकम सदुपयोग भएमा मात्र दोस्रो किस्ता उपलब्ध गराइनेछ ।
- सम्बन्धित महिलाले खरिद गरेका वील भर्पाइ कार्यालयमा प्रतिवेदन सहित पेश गर्नु पर्नेछ ।
- कार्यालयवाट पूर्व तयारीको समयमा साथै त्यसपछिका चरणमा महिलाले गरेका कामको स्थलगत परीक्षण गर्नु पर्नेछ ।

६.६ यस कार्यक्रमबाट तालिम प्राप्त महिला उद्यमीले उत्कृष्ट काम गरी जिल्लामा अरु महिला र उद्यमी महिलाको लागि उदाहरणीय बन्न सकोस् र अझ उत्प्रेरित भै काम गर्न प्रेरणा मिलोस भन्ने उद्देश्यले उदाहरणीय काम गर्ने महिला उद्यमी र संस्थाहरूलाई प्रोत्साहन कार्यक्रम राखिएको छ । जुन देहाय अनुसार गरिनेछ :

- बुंदा नं ५.१  तथा बुंदा नं ५.२ को कार्यक्रममा सहभागी भै उत्कृष्ट कार्य गर्ने उद्यमीमध्येबाट प्रत्येक वर्ष प्रत्येक जिल्लावाट १–१ जना उत्कृष्ट महिला उद्यमी छनौट तथा सिफारिस गरी केन्द्रमा तोकिएको ढाँचामा  विवरण पठाउनु पर्ने छ । जिल्ला समन्वय समितिले उक्त छनौटको आधारहरू तय गरी उत्कृष्ट महिला उद्यमी र संस्थाको छनौट र सिफारिस गर्नेछ । सिफारिस भै आएका मध्येवाट  उत्कृष्ट उद्यमी महिला/संस्थाहरूलाई पुरस्कार वितरण हुनेछ ।
- पुरस्कारका लागि संख्या, पुरस्कार रकम तोक्ने मापदण्ड समितिले तयार गर्नेछ ।
- सीप विकास र बजारसँग सन्जाल विस्तार गर्न रोजगारदाता र तालीम लिने सहभागी बीच अन्तरक्रिया कार्यक्रम  सञ्चालन गरिनेछ ।

६.७ महिला विकास कार्यक्रमद्धारा प्रवद्धित सहकारी संस्थाद्वारा उत्पादित सामाग्रीहरूको राष्ट्रिय प्रदर्शनी (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण): महिला विकास कार्यक्रमवाट प्रवद्धित संस्थाहरूले गर्ने विभिन्न क्रियाकलापहरू मध्ये संस्थाका सदस्यहरूलाई व्यावसायिक वनाउन तिनीहरूबाट उत्पादित वस्तुको विक्री प्रवर्द्धनतर्फ पनि ध्यान दिन आवश्यक रहेको हुँदा उक्त कार्यका लागि देहायअनुसार गरिनेछ ।

- जिल्लामा सूचना प्रचारप्रसार गर्ने सामाग्री प्रदर्शनीको लागि जिल्लाबाट लगत सङ्कलन गर्ने,
- प्रदर्शनी कार्यका लागि महिला घरेलु उद्यमी महासंघ वा सम्बन्धित संस्थासंगको सहकर्यमा गरिनेछ,
- सहकारी संस्थाहरूबाट उत्पादित सामाग्रीहरू प्रदर्शनी स्थलसम्म ल्याउन ढुवानी भाँडा तथा २ जना सम्मलाई तोकिए अनुसार यातायात खर्च तथा खानबस्नका लागि खर्च उपलब्ध गराईने छ । तिनीहरूलाई प्रदर्शनी स्थलमा निशुल्क  प्रदर्शनी गर्न दिईनेछ ।

- ७५ वटै जिल्लामा दर्ता भएका सहकारी संस्थाहरूको विवरण सङ्कलन गरी प्रकाशन तथा प्रचार प्रसार गर्ने ।

६.८ महिला विकास कार्यक्रमबाट प्रवर्द्धित सहकारी संस्थाद्वारा उत्पादित सामग्रीहरूको बिक्री केन्द्रहरूको स्थापना तथा बजार प्रवर्द्धन

यस क्रियाकलाप सञ्चालनको लागि निम्न कार्यहरू गरिनेछ :

क. बिक्री केन्द्रहरू स्थापना गर्नका लागि सम्भावित बजारको पहिचान गर्ने,
ख. बिक्री केन्द्र स्थापनाका लागि गरिने सहयोगको खाका MODALITY तयार गर्ने,
ग. प्रत्येक प्रदेशमा एक एक बिक्री केन्द्रको स्थापना गर्ने (७ वटा),
घ. बिक्री केन्द्र सम्बन्धी सम्पूर्ण विवरण सहितको ब्रोसर तयार गरी वितरण गर्ने ।

६.९ संबैधानिक तथा कानुनी व्यवस्था अन्तर्गत महिला हक, हित तथा सेवा, सुविधा सम्बन्धमा सञ्चार माध्यमबाट प्रचारप्रसार र अन्तरक्रिया लगायत देहायका कार्यक्रम (सूचना सामग्री उत्पादन, प्रकाशन, प्रचारप्रसार आदि) सञ्चालन गरिनेछ ।

- केन्द्रस्तरबाट एकपटक कार्यक्रमको औपचारिक रुपमा सार्वजनिकीकरण गरिनेछ । यस कार्यको लागि सरोकारवाला निकाय तथा संस्थासँग समन्वय गरिनेछ ।
- कार्यक्रम लागू हुने जिल्लाहरूमा कार्यालयमार्फत अन्तरक्रिया तथा प्रचारप्रसार गरिनेछ ।
- संविधान लगायत कानुनी व्यवस्था सहितको बुकलेट, ब्रोसर, पम्पलेट तयार गरी प्रकाशन तथा वितरण गरिनेछ ।
- रेडियो, एफ.एम, टी.भी. बाट सूचना प्रशारण तथा जनचेतनामूलक सामग्रीको प्रचारप्रसार ( स्थानीय भाषामा समेत) गरिनेछ ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रगति सहितको बृत्तचित्र तयार गरी प्रशारण गरिनेछ ।

६.१० गैर सरकारी संस्थाको साझेदारीमा संकटापन्न अवस्थामा रहेका महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि अल्पकालीन व्यवस्थापन गर्न राहत, पुर्नस्थापन तथा क्षतिपूर्ति कार्यक्रम

- अल्पकालीन सेवा केन्द्र सञ्चालन निर्देशिका परिमार्जन गर्ने,
- स्वीकृत निर्देशिका वमोजिम अल्पकालीन सेवा केन्द्रको सञ्चालन गर्ने ।

## ७. बैठक, समन्वय, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी

- यस कार्यक्रमको पाक्षिक, मासिक, चौमासिक, बार्षिक प्रगति सङ्कलनका लागि छुट्टै फर्म्याट तयार गरिनेछ ।

- जिल्लावाट उक्त फर्म्याट अनुसारका विवरणहरू माग तथा सङ्कलन गरी प्रगति प्रतिवेदन तयार गरिनेछ ।
- कार्यक्रम सञ्चालन भएका जिल्लाहरूको कार्यप्रगतिको बार्षिकरुपमा समीक्षा गोष्ठी गरिनेछ ।
- निर्देशन समितिको वैठक अर्धवार्षिक रुपमा र आवश्यक परेमा जुनसुकै बेला पनि गर्न सकिनेछ ।
- केन्द्रीय स्तरको कार्यक्रम कार्यान्वयन तथा अनुगमन समितिको बैठक २ महिनामा १ पटक र आवश्यक परेमा जुनसुकै बेला पनि गर्न सकिनेछ ।
- जिल्लामा कार्यक्रम कार्यान्वयन समितिको बैठक चौमासिक रुपमा बस्नेछ र आवश्यक परेमा जुनसुकै बेला पनि बस्न सक्नेछ ।
- जिल्लाको समन्वय समिति, उपसमिति केन्द्रीय कार्यक्रम कार्यान्वयन तथा अनुगमन समिति, कार्यक्रम कार्यान्वयन एकाईबाट कार्यक्रमको अनुगमन गरिनेछ ।
- सवै जिल्लावाट प्राप्त प्रगति विवरणहरू तथा अनुगमनबाट प्राप्त सुझावहरूलाई प्रतिवेदनको रुपमा तयार गरी सम्बन्धित निकायहरूमा पठाउने व्यवस्था मिलाइनेछ ।

## ८.वित्तीय व्यवस्थापन

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत विनियोजित बार्षिक बजेट अन्तरगतका विभिन्न क्रियाकलापहरूको खर्चको सञ्चालन महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७२, अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७०, भ्रमण खर्च नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा उल्लेखित प्रावधान अनुरुप गरिनेछ ।

### ८.१ लेखापरीक्षण

यस कार्यक्रमतर्फको आन्तरिक लेखापरीक्षण सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

## ९. बिविध

### ९.१ ब्याख्या गर्ने अधिकार

यस कार्यविधिमा उल्लेखित दफाहरूको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा परेमा अन्तिम ब्याख्या गर्ने अधिकार निर्देशन समितिमा रहनेछ ।

### ९.२ संशोधन सम्बन्धी ब्यवस्था

यस कार्यविधिमा ब्यवस्था गरिएको कुनै दफा तथा उपदफाहरु संसोधन गर्नु परेमा वा बार्षिक कार्यक्रममा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयबाट कुनै थपघट भएको अवस्थामा मन्त्रालयबाट सोही अनुसार संशोधन गरिनेछ ।

### ९.३ बाधा अड्काउ फुकाउने

यस कार्यविधिमा उल्लेखित दफाहरूको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा सोको व्याख्या गर्ने अधिकार निर्देशन समितिमा रहनेछ ।

### ९.४ निर्देशन दिन सक्ने

कार्यक्रम सञ्चालन तथा यस कार्यविधिमा उल्लेखित दफाहरूको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ । साथै कार्यक्रम कार्यान्वयन, अनुगमन, मूल्यांङ्कन तथा व्यवस्थापनको सिलसिलामा आवश्यक पर्ने फरमेटको ढाँचाहरू मन्त्रालयबाट स्वीकृत गरिनेछ ।

# अनुसूचीहरु

**अनुसूची - १**

## क. मानव विकास सूचाकाङ्कमा पछि परेका ३० जिल्ला

१. रौतहट - ०.३८६

२. सप्तरी - ०.४३७

३. सिराहा - ०.८०८

४. महोत्तरी - ०.३८

५. सर्लाही - ०.४०२

६. सिन्धुली - ०.४४०

७. धनुषा - ०.४३१

८. दोलखा - ०.४५९

९. सिन्धुपाल्चोक - ०.४५५

१०. बारा - ०.४५७

११. पर्सा - ०.४६४

१२. कपिलवस्तु - ०.४३२

१३. प्युठान - ०.४१३

१४. रोल्पा - ०३९५

१५. रुकुम - ०.४३१

१६. सल्यान - ०.४४१

१७. दैलेख - ०.४२२

१८. जाजरकोट - ०.३९३

१९. डोल्पा - ०.४०१

२०. जुम्ला - ०.४०९

२१. कालिकोट - ०.३७४

२२. मुगु - ०.३९७

२३. हुम्ला - ०.३७६

२४. बाजुरा - ०.३६४

२५. बझाङ्ग - ०.३६५

२६. अछाम - ०.३७८

२७. डोटी - ०.४०७

२८. डडेलधुरा - ०.४४२

२९. बैतडी - ०.४२६

३०. दार्चला - ०.४३६

**अनुसूची - २**

## सेवा केन्द्र सञ्चालनको लागि गरिने २५ जिल्लाहरु (महिला विकास कार्यक्रमबाट सञ्चालनमा नरहेको)

| | |
|---|---|
| १.बारा | २. धनकुटा |
| ३. म्याग्दी | ४. सल्यान |
| ५. कपिलवस्तु | ६. धादिङ्ग |
| ७. खोटाङ्ग | ८. पाल्पा |
| ९. रसुवा | १०. रामेछाप |
| ११. गोरखा | १२. स्याङ्गजा |
| १३. लमजुङ्ग | १४. पर्वत |
| १५. गुल्मी | १६. रुकुम |
| १७. रोल्पा | १८. दोलखा |
| १९. अर्घाखाँची | २०. भक्तपुर |
| २१. नुवाकोट | २२. भोजपुर |
| २३. अछाम | २४. वैतडी |
| २५. बाजुरा | |

**अनुसूची - ३**

## ग. अनौपचारिक श्रममा संलग्न महिला लक्षित कार्यक्रम सञ्चालन हुने १० जिल्ला

| | |
|---|---|
| १. काठमाण्डौ | २. भक्तपुर |
| ३. ललितपुर | ४. चितवन |
| ५. कास्की | ६. मोरङ्ग |
| ७. सुनसरी | ८. बाँके |
| ९. रुपन्देही | १०. कन्चनपुर |

**५. राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत आ.व. २०७३/७४ मा सञ्चालन गरिने कार्यक्रम र यस अन्तर्गतका क्रियाकलापहरु**

आर्थिक वर्ष २०७३/७४ मा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**५.१ मानव विकास सूचाकंक (HDI) मा पछि परेका ३० जिल्लामा रहेका अति विपन्न दलित पिछडा वर्ग, जनजाति, खस आर्य तथा मुस्लिम वर्गका महिला लक्षित कार्यक्रम (उद्यमशीलता, रोजगारीमूलक, सशक्तीकरण सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) - ५ करोड ५० लाख**

क. माथि बुँदा ५.१ मा उल्लेखित ३० जिल्लाको तालिमको आवश्यकता पहिचान, तालिम प्रदान गर्ने संस्थाको पहिचान तथा छनौट गर्ने (FNCCI, FNCSI. महिला घरेलु उद्यमी महासंघ, BPWA, CTEVT, TNA को सहकार्यमा) **- १५ लाख**

ख. लक्षित वर्ग/समुदायबाट तालिममा सहभागी हुने महिला, किशोरीहरुको छनौट गर्ने १०५० जना सम्बन्धित महिला तथा बालबालिका कार्यालय मार्फत सवै जिल्लाका गा.वि.स. समेट्ने गरी प्रति जिल्ला ३५ जना **- ५ लाख**

ग. छनौट गरिएका संस्थाहरुबाट पहिचान गरिएको शीर्षकमा कम्तिमा ३ महिनाको तालिम सञ्चालन गर्ने (FNCCI, FNCSI, महिला घरेलु उद्यमी महासंघ र घरेलु कार्यालयसँग सहकार्य गरी) **- ४.५ करोड**

घ. महिलाको उद्यमशीलता विकास, रोजगारी तथा आय आर्जनको लागि सहयोग

ङ. उदाहरणीय काम गर्ने व्यक्ति (महिला उद्यमी), र संस्थाहरुलाई प्रोत्साहन रकम प्रदान गर्ने - **५ लाख**

च. सीप विकास र बजारसँग सन्जाल विस्तार गर्न रोजगारदाता र तालिम लिने सहभागीवीच अन्तरक्रिया कार्यक्रम **- ५ लाख**

**५.२ अनौपचारिक श्रममा संलग्न महिला -मनोरन्जन, निर्माण क्षेत्र, कृषि, व्यावसायिक र घरेलु काम) लक्षित कार्यक्रम -उद्यमशीलता, रोजगारीमूलक, सशक्तीकरण /सीप विकास तथा क्षमता अभिवृद्धि तालिम - २ करोड**

क. अनौपचारिक श्रममा महिला/किशोरी संलग्नता बढी देखिएका १० जिल्लाको तालिमको आवश्यकता पहिचान, तालिम प्रदान गर्ने संस्थाको पहिचान तथा छनौट गर्ने **- ५ लाख**

ख. लक्षित वर्ग, समूहबाट तालिममा सहभागी हुने महिला, किशोरीहरुको छनौट गर्ने (कम्तिमा ५०० जना) **- २ लाख**

ग. छनौट गरिएका संस्थाबाट पहिचान भएको क्षेत्रसँग सम्बन्धित महिलाहरुलाई तालिम प्रदान गर्ने **- १ करोड २० लाख**

घ. महिलाहरुको उद्यमशीलता विकास, रोजगारी तथा आय आर्जनका लागि सहयोग **- ३० लाख**

ङ. उदाहरणीय काम गर्ने संस्था र महिला उद्यमीहरुलाई प्रोत्साहन रकम प्रदान गर्ने **- ५ लाख**

च. सीप विकास र बजारसँग सन्जाल विस्तार गर्न रोजगारदाता र तालिम लिने सहभागीबिच अन्तरक्रिया कार्यक्रम **- ८ लाख**

**५.३. महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाद्वारा उत्पादित सामग्रीहरुको राष्ट्रिय प्रदर्शनी (प्रचारप्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण) - ३० लाख**

क. महिला विकास कार्यक्रमद्वारा सहकारी संस्थाहरुको राष्ट्रिय सम्मेलन (काठमाण्डौ)

ख. सहकारी संस्थाद्वारा उत्पादित सामग्रीहरुको राष्ट्रिय प्रदर्शनी

ग. सहकारी संस्थाको अद्यावधिक विवरण सहितको ब्रोसर, पम्पलेट तयार तथा वितरण गर्ने

**५.४. महिला विकास कार्यक्रमद्वारा प्रवर्द्धित सहकारी संस्थाद्वारा उत्पादित सामग्रीहरुको विक्री केन्द्रहरुको स्थापना तथा बजार प्रवर्द्धन -प्रचारप्रसार तथा सामग्री उत्पादन तथा प्रकाशन र वितरण) - ३० लाख**

क. विक्री केन्द्रहरु स्थापना गर्नका लागि सम्भावित बजारको पहिचान गर्ने

ख. विक्री केन्द्र स्थापनाका लागि गरिने सहयोगको MODALITY तयार गर्ने

ग. प्रत्येक प्रदेशमा एक एक वटा विक्री केन्द्रको स्थापना गर्ने (७ ओटा)

घ. विक्री केन्द्रसम्बन्धी सम्पूर्ण विवरण सहितको ब्रोसर तयार तथा वितरण गर्ने

**५.५. सवैधानिक तथा कानूनी व्यवस्था अन्तर्गत महिला अधिकार, हक हित, सेवा सुविधा सम्बन्धमा संचार माध्यमबाट प्रचारप्रसार र अन्तरक्रिया लगायतका कार्यक्रम (सूचना सामग्री) उत्पादन, प्रकाशन तथा वितरण - ४० लाख**

क. राष्ट्रपति महिला उत्थान कार्यक्रमको औपचारिक रुपमा सार्वजनिकीकरण **- १० लाख**

ख. संविधान लगायत कानूनी व्यवस्था सहितको बुकलेट ब्रोसर, पम्पलेट उत्पादन, प्रकाशन तथा वितरण **-१० लाख**

ग. रेडियो, एफ.एम, टी.भी. बाट सूचना तथा जनचेतनामूलक सामग्री प्रचारप्रसार (स्थानीय भाषामा समेत) **- १० लाख**

घ. राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रगति सहितको Docuentary तयार तथा प्रसारण **- १० लाख**

**५.६. २५ जिल्लामा गैससको साझेदारीमा संकटापन्न रेहका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि अल्पकालीन सेवा केन्द्र स्थापना गर्ने - १ करोड**

क. अल्पकालीन सेवा केन्द्रको सञ्चालन निर्देशिका परिमार्जन गर्ने **- १ लाख**

ख. माथि अनूसूची २ (ख) मा पहिचान भएका जिल्लाहरुमा गैससको साझेदारी सम्भाव्यता पहिचान गर्ने (जिल्लास्थित महिला तथा बालबालिका कार्यालय मार्फत)

ग. पहिचान गरिएका संस्थाहरुसंग समझौता गरी अल्पकालीन सेवा केन्द्र सञ्चालन गर्ने

घ. लैङ्गिक हिंसाको विरुद्धमा उल्लेखनीय काम गर्ने व्यक्ति/संस्थालाई प्रोत्साहन रकम प्रदान गर्ने **- ५ लाख**

**५.७. समन्वय, अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी कार्य : १०**

क. कार्यक्रम संचालन भएका जिल्लाबाट पाक्षीक,मासिक, चौमासिक तथा वार्षिक प्रगति माग गर्ने

ख. निर्देशक समिति र PIU बाट आवश्यकताअनुसार अनुगमन तथा मूल्यांकन गर्ने

ग. निर्देशक समितिको बैठक खर्च

घ. अनुगमन तथा मूल्यांकन खर्च

६. **अपेक्षित उपलब्धि** : राष्ट्रपति महिला उत्थान कार्यक्रमको कार्यान्वयनबाट नेपालका सम्पूर्ण महिलाहरुको आर्थिक - सामाजिक रुपान्तरण, आर्थिक उन्नति र प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन तथा अभिवृद्धि भई लैङ्गिक समानता कायम गर्न मद्दत पुग्नेछ ।